# राष्ट्रिय बाणिज्य बैंक लिमिटेड
# केन्द्रीय कार्यालय
# संस्थागत तथा साना मझौला कर्जा बिभाग

<u>सुचीकृत मूल्यांकनकर्ताहरुलाई सम्झौता नविकरण गर्ने, सीमा थप गर्ने, KYC तथा दस्तखत नमुना अध्यावधिक गर्ने सम्वन्धि सुचना</u>

(प्रथम पटक प्रकाशित मिति २०७७/०३/२८)

यस बैंकबाट लगानी गरिने कर्जाको सुरक्षणको रुपमा लिइने चल अचल सम्पतिको धितो मूल्यांकन कार्यको लागी यस बैंकको केन्द्रीय कार्यालय वा साविक क्षेत्रीय कार्यालयबाट सुचीकृत ( Listed) हुनु भएको मूल्यांकनकर्ताहरुको धितो मूल्यांकन कार्य गर्ने सम्बन्धि सम्झौता नविकरण गर्ने तथा सीमा थप गर्ने सम्बन्धमा ३५ दिन म्याद दिई राष्ट्रिय स्तरको पत्रिकामा सार्वजनिक सुचना जारी गर्ने र सुचिकृत मुल्यांकनकर्ताहरुको तर्फबाट मुल्यांकन प्रतिवेदनमा दस्तखत गर्ने अख्तियारी प्राप्त जिम्मेवार प्राविधिक / प्राविधिकहरुको KYC तथा दस्तखत नमुना समेत अध्यावधिक गर्ने/गराउने निर्णय भएकोले सम्झौता नविकरण गर्न बांकी भएका सुचीकृत मूल्यांकनकर्ताहरुले यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफु सुचिकृत भएको कार्यालयमा सम्पर्क गरि सम्झौता नविकरण गर्नु हुन र अन्यको हकमा यथासक्य छिटो उल्लेखित KYC तथा दस्तखत नमुना समेत अध्यावधिक गर्न सम्बन्धितको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । साथै अब उप्रान्त सम्झौताको म्याद सकिन ३५ दिन अगाडि नै सम्झौता नविकरण गर्नु पर्ने छ । सम्झौता नविकरण नगरि कुनै पनि धितो मूल्यांकन नगर्नु नगराउनु हुन समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**<u>मुल्यांकनकर्ताको योग्यता र अनूभव:</u>**

बैंकको सूचीकृत सूचीमा समावेश हूने ओभरसियर, इन्जिनियर तथा ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनीहरुको न्यूनतम योग्यता निम्न बमोजिम हूनूपर्नेछ ।

१। नेपाल सरकार, शिक्षा मन्त्रालय, त्रिभूवन विश्व विद्यालय वा अन्य मान्यता प्राप्त स्वदेशी वा विदेशी शैक्षिक संस्थाहरुबाट शैक्षिक प्रमाण पत्र प्राप्त सिभिल, मेकानिकल तथा इण्डष्ट्रियल ईन्जिनियर तथा ओभरसियरहरु ।

२। मूल्यांकनकर्ताहरुको अनूभवलाई गणना गर्दा नेपाल सरकारको कार्यालय वा नेपाल सरकारको पूर्ण वा अर्ध-स्वामित्व भएको संस्थान वा विदेशी निर्माण वा एजेन्सी सम्मिलित नेपालमा स्थापित गैर सरकारी संस्था/अन्तर्राष्ट्रिय गैर सरकारी संस्था जस्ता कार्यालयहरुमा काम गरेको अनूभवलाई तथा “क“ वर्गका निर्माण कम्पनीमा काम गरेको अनूभवलाई समेत गणना गरिनेछ । अन्य वित्तीय संस्था (बैंक) को मूल्याकिनकर्ता भई काम गरेको ब्यक्ति तथा फर्म वा कम्पनीलाई सोही अनूभवको मान्यता दिन सकिनेछ ।

३। निम्न अनूसारको अनूभव प्राप्त गरेका ओभरसियर, सिभिल तथा मेकानिकल इन्जिनियर, ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनीहरुले बैंकको मूल्यांकनकर्ताको सूचीमा समावेश हून दरखास्त दिन सक्नेछन्।

| क.सं. | धितोको मुल्य | न्युनतम शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|
| १ | रु. ५० लाखसम्म | १. सिभिल ईञ्जिनियरिङ्गमा ओभरसियर पास गरेको ओभरसियर ।<br>२. सिभिल ईञ्जिनियरिङ्गमा वि.ई. पास गरेको ईञ्जिनियर<br>३. ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा | १. सम्बन्धित क्षेत्रमा ५ वर्ष काम गरेको अनुभव ।<br>२. सम्बन्धित क्षेत्रमा १ वर्ष काम गरेको अनुभव ।<br>३. कम्तिमा १ वर्षको अनुभव प्राप्त ईञ्जिनियर वा ५ वर्षको अनुभव प्राप्त |

| | | | |
|---|---|---|---|
| | | कम्पनी । | ओभरसियर संलग्न रहेको र कम्तिमा १ वर्षदेखि सञ्चालनमा रहेको ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । |
| २ | रु. २ करोडसम्म | १. सिभिल ईञ्जिनियरिङ्गमा वि.ई. पास गरेको ईञ्जिनियर<br>२. ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । | १. सम्बन्धित क्षेत्रमा ३ वर्ष काम गरेको अनुभव ।<br>२. कम्तिमा ३ वर्ष काम गरेको अनुभव भएका ईञ्जिनियरहरु संलग्न भएको र ३ वर्षदेखि सञ्चालनमा रहेको ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । |
| ३ (क) | रु. ७ करोडसम्म | नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । | सम्बन्धित क्षेत्रमा कम्तिमा ५ वर्ष काम गरेको अनुभव भएका कम्तिमा २ जना सिभिल ईञ्जिनियर र २ वर्ष काम गरेको अनुभव भएको १ जना मेकानिकल ईञ्जिनियर पनि संलग्न भएको कम्तिमा ३ वर्षदेखि सञ्चालनमा रहेको ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । |
| ४ | रु. १० करोडसम्म | नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । | वाणिज्य बैंकहरुमा चल अचल सम्पत्ति मुल्याँकनकताको रुपमा कम्तिमा ३ वर्ष काम गरेको अनुभव सहित कम्तिमा ५ वर्ष काम गरेको अनुभव भएका कम्तिमा २ जना सिभिल ईञ्जिनियर र २ वर्ष काम गरेको अनुभव भएको १ जना मेकानिकल ईञ्जिनियर पनि संलग्न भएको तथा ५ वर्षदेखि सञ्चालनमा रहेको कन्सल्टेन्सी फर्म वा कम्पनी । |
| ५ | असिमित | नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । | वाणिज्य बैंकहरुमा चल अचल सम्पत्ति मुल्याँकनकताको रुपमा कम्तिमा ३ वर्ष काम गरेको अनुभव सहित कम्तिमा ७ वर्ष काम गरेको अनुभव भएको कम्तिमा २ जना सिभिल ईञ्जिनियर र कम्तिमा ३ वर्ष काम गरेको अनुभव भएको १ जना मेकानिकल ईञ्जिनियर पनि संलग्न भएको र ७ वर्षदेखि सञ्चालनमा रहेको कन्सल्टेन्सी फर्म वा कम्पनी । |

## अन्य

१. मुल्यांकनकर्ताको रुपमा चयन तथा सीमा थप गर्न बैंकले तोकेको माथि उल्लेखित योग्यता पुगेको हुनु पर्नेछ । साथै सोलाई प्रष्ट्याउने कागजातहरु, नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि (आवश्यकता अनूसार त्रि. वि. वि. को स्तर निर्धारण तथा समकक्षता पत्र) र फर्म वा कम्पनीको हकमा फर्म/कम्पनी दर्ताको प्रमाणपत्र तथा कर चुक्ताको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२. सुचीकृत भएका ओभरसियर, ईञ्जिनियर तथा ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनीहरुले बैंकले तोके बमोजिमकोपारिश्रमिक लिन मञ्जुर भएको हुनु पर्नेछ ।

३. ईञ्जिनियरको हकमा नेपाल ईन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाण पत्र पेश नगरेको निवेदनलाई मान्यता दिईने छैन ।

४. बैंकले तोकेका सम्पुर्ण शर्तहरु एवं कागजातहरु पुरा नभएका र म्याद नाघि आएका आवेदन पत्र उपर कुनै कारवाही गरिने छैन ।

**५. आवेदन फाराम बैंकको केन्द्रीय कार्यालय, संस्थागत तथा साना मझौला कर्जा विभाग वा बैंकको Website: www.rbb.com.np/downloads.php बाट प्राप्त गर्न सकिनेछ । आवेदन दस्तूर मुल्यांकन सिमा रु. ७ करोड सम्मको मुल्यांकनकर्ताको लागि रु. १,५००/- र सो भन्दा माथीको हकमा रु. २,०००।- (फिर्ता नहूने) यस बैंकको कूनै पनि शाखा कार्यालयमा आम्दानी अन्य शिर्षकको खाता नं. ९५९९०२००० मा जम्मा गरी सक्कल भौचर आवेदन साथ संलग्न गर्नू पर्नेछ ।**

६. मुल्याकिनकर्ताको छनौट यस बैंकको धितो सूरक्षण मुल्याकिन निर्देशिका, २०६४ बमोजिम हूनेछ । प्राप्त हून आएको आवेदन स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

७. आवेदन सम्बन्धी अन्य बिस्तृत जानकारी आवश्यक भएमा कार्यालय खूलेको दिन कार्यालय समयमा यस बैंकको केन्द्रीय कार्यालय, संस्थागत तथा साना मझौला कर्जा बिभागमा सम्पर्क गर्न सकिनेछ ।

# <u>नविकरणको लागि  बैंकमा दिने निवेदन</u>

मितिः २०७../      /

श्री प्रमुख ज्यू,
राष्ट्रिय वाणिज्य बैंक
............................ विभाग / कार्यालय ।

**विषय : <u>मूल्याङ्कनकर्ताकायम रहिरहन नविकरण गरी पाउँ ।</u>**

महोदय,
त्यस बैंकले मिति................. मा दैनिक ................ मा प्रकाशित मूल्याङ्कनकर्ताको रुपमा सूचीकृत हुन दरखास्त दिने बारेको सूचना अनुरुप उक्त सूचनामा उल्लेखित सम्पूर्ण शर्त बन्देजहरु पालन गर्न पूर्ण मन्जुर गरी सूचीकृत भै कार्य गरि आएकोमा मिति ................. देखि अवधि समाप्त भएको हुनाले रु................... ( अक्षरेपी .................................) सम्मको लागि ................ कार्यक्षेत्र रहने गरि धितो सुरक्षण मूल्याङ्कन गर्न आवश्यक धरौटी रु .................(अक्षरेपी.......................) वा सो बराबरको बैंक जमानत यसै साथ राखी वा मिति .............. मा राखेको धरौटी रकम पुनः धरौटी राख्न मञ्जुर गरी आवश्यक कागजात सहित त्यस बैकको नाममा पारित हुने चल/अचल सम्पति, मेसिनरी धितो सुरक्षण र गैह्र बैङ्किङ्ग सम्पत्तिको मूल्याङ्कनकर्ताको रुपमा सूचीकृत गराई दिने व्यवस्थाको लागि अनुरोध गर्दछु /गर्दछौं ।

**मूल्याङ्कन कार्यमा संलग्न रहने ईन्जिनियरहरुको नामावली :**

| क्र.स. | नाम | योग्यता (समूह समेत) | ई. परिषद दर्ता नं./मिति (समूह भए सो समेत) | कैफियत |
|---|---|---|---|---|
| १) | | | | |
| २) | | | | |
| ३) | | | | |
| ४) | | | | |

निवेदक,
..................
.......................... कन्सल्टेन्सी फर्म/कम्पनीको
तर्फबाट अधिकार प्राप्त ...........
नाम, थर :
पदः
फर्म/कम्पनीको छापः

**नोटः (कुनै कारवाहीमा परेको वा फूकुवा भएको वा कम्पनी वा फर्मको स्थितिको बारेमा कुनै परिवर्तन भएको भए तल उल्लेखित कागजाततका अतिरिक्त त्यस्ता सबै कागजात पेश गर्नु पर्नेछ ।)**

## सूचीकृत मूल्याङ्कनकर्ताले नविकरणको निवेदन साथ पेश गर्नु पर्ने गत अवधिमा सम्पन्न गरेको कार्यहरुको विवरण

मूल्याङ्कनकर्ताव्यक्ति, फर्म, कम्पनीको नाम, ठेगाना :

सम्पर्क व्यक्ति तथा मोबाइल नं. :

| क.सं. | ऋणी व्यक्ति, फर्म, कम्पनीको नाम | सम्बन्धित शाखा | धितोको ठेगाना | धितोदाताको नाम | धितोदाताको ऋणीसँगको सम्बन्ध | धितोको प्रकार (घर, जग्गा वा अन्य) | कि.नं. | क्षेत्रफल | मूल्याङ्कित मूल्य | मूल्याङ्कन मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |

**द्रष्टव्य:** धितोको प्रकारमा घर, जग्गा वा अन्य सम्पत्ति के हो स्पष्ट लेखी छुट्टाछुट्टै मूल्याङ्कित रकम उल्लेख गर्नु पर्नेछ ।

**मूल्याङ्कनकर्ताव्यक्ति, फर्म, कम्पनीको आधिकारिक दस्तखतः**

**दस्तखतकर्ताको नाम तथा पदः**

**मोबाइल नं.:**

**मूल्याङ्कनकर्ताफर्म, कम्पनी भएमा सो को छाप :**

**मिति :**

**नोट :**(आवश्यकता अनुसार पेज थप गर्नु हुनेछ साथै हरेक पेजमा आधिकारिक दस्तखत र मूल्याङ्कनकर्ताफर्म, कम्पनी भएमा सो को छाप अनिवार्य हुनेछ ।)

मूल्यांनकर्ताले स्वीकृत सूचीमा समावेश हुन दरखास्त दिंदा निम्न लिखित कागजातहरूको प्रति पेश गर्नुपर्नेछ ।

**ओभेभरसियर/इन्जिनियरहरूको हकमा :**

- शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी ।
- अनुभवको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी ।
- नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी।
- बैंकले माग गरेको अन्य कागजातहरूकोप्रमाणित प्रतिलिपी
- ओभरसियर र इन्जिनियरहरूको बायोडाटा

**ईन्जिनियङ्गि कन्सल्टेन्सी फर्मको हकमा**

- फर्म र कम्पनी दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी (नविकरण भएको समेत),
- आयकर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी (नविकरण भएको समेत),
- फर्म र प्रोप्राइटर र संचालकहरूको शैक्षिक योग्यता र अनुभवको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी
- प्रमुख संचालकहरूको ब्यक्तिगत विवरण (कार्यरत इन्जिनियर तथा ओभरसियरको शैक्षिक योग्यता प्रमाणपत्र र ब्यक्तिगत विवरण) एवं फर्ममा काम गर्न मन्जुर गरिएको स्वीकृति पत्र वा सो को प्रमाणित प्रतिलिपी समेत ।
- फर्म र कम्पनीको आवश्यक कागजातहरू (Profile) तथा अफिस संरचना,
- कार्यरत इन्जिनियर र कन्सल्टेन्सी फर्मले नेपाल इन्जिनियङ्गि परिषदबाट स्वीकृती प्राप्तगरेको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी।

- VAT मा दर्ता गर्नको लागि आवश्यक नभएको भन्ने घोषणा पत्र वा VAT मा दर्ता भएमा दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी।